## भोटेकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

### फुलिपिङकट्टी, सिन्धुपाल्चोक

### बागमती प्रदेश, नेपाल

# " गाउँ प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९"

गाउँ सभाबाट स्वीकृत : २०७९ पौष २९ गते

प्रास्तवना : नेपालको संविधानमा एकल अधिकार अन्तर्गत रहेको नगर/गाउँ प्रहरीलाई प्रभावकारी रुपमा परिचालन गरी भोटेकोशी गउँपालिकाको नीति कानुन तथा निर्णय कार्यान्वयनमा अपेक्षित रुपमा उपलब्धी हासिल गर्न तथा शान्ती, सुव्यवस्थापनको विविध क्षेत्रमा सुधार गर्न तथा गाउँ प्रहरीमार्फत हुन् सेवा प्रवाहलाई सक्षम, सेवामूलक, जनउत्तरदायी र गुणस्तरीय बनाउने सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न वान्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ र दफा १०२ बमोजिम भोटेकोशी गाउँपालिकाको गाउँ सभाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

१) यस कार्यविधिको नाम "गाउँ प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ ।

२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. परिभाषा : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

१) ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाइ सम्झनु पर्छ ।

२) कार्यविधि भन्नाले "गाउँ प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९" सम्झनु पर्छ ।

३) गाउँपालिका भन्नाले भोटेकोशी गाउँपालिकालाई सम्झनु पर्छ ।

४) कार्यपालिका भन्नाले भोटेकोशी गाउँपालिकाको गाउँ कार्यापालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

५) प्रमुख प्रशासकिय अधिकृत भन्नाले भोटेकोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

६) तोकिएको वा तोकिए बमोजिम भन्नाले भोटेकोशी गाउँपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिमलाई सम्झनु पर्छ ।

७) गाउँ प्रहरी सेवा भन्नाले भोटेकोशी गाउँपालिकाको गाउँ प्रहरी सम्वद्ध सम्झनु पर्छ ।

८) गाउँ सभा भन्नाले भोटेकोशी गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ ।

९) गाउँ प्रहरी भन्नाले भोटेकोशी गाउँपालिकाबाट नियुक्त गाउँ प्रहरी कर्मचारी सम्झनु पर्छ र सो शब्दले गाउँ प्रहरीको हैसियतमा काम गर्ने गरी संस्थागत वा अन्य सम्झौताबाट उपलब्ध जनशक्तिलाई समेत जनाउदछ ।

१०) कार्यक्षेत्र भन्नाले भोटेकोशी गाउँपालिकाले ओगटेको भु-भागलाई सम्झनु पर्छ ।

११) कर्मचारी भन्नाले गाउँपालिका क्षेत्र भित्र कार्यरत कर्मचारी सम्झनु पर्छ ।

१२) समिति भन्नाले गाउँ प्रहरी छनौट समिति सम्झनु पर्छ ।

१३) करार भन्नाले अनुसुची १ मा तोकिएको ढाँचो बमोजिम दुइ वा सो भन्दा बढी पक्ष बीच समय, पारिश्रमिक एंव आवश्यकता अनुसार शर्तहरु समेत तोकेर तोकिएको कार्य सम्पादन गर्नको लागि गरिएको सम्झौता सम्झनु पर्छ ।

भोटेकोशी गाउँपालिका
भैरवकुण्ड(?), सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७२

CamScanner

३. कार्यविधिको व्याख्या गाउँपालिकाले गर्ने :

१) गाउँ प्रहरी वा अन्य पदाधिकारीले यस कार्यविधिको प्रयोग गर्दा कुनै व्यक्ति वा गाउँ प्रहरी कर्मचारीलाई मर्का परेमा निजले गाउँ कार्यपालिका समक्ष निवेदन दिन सक्नेछन ।

२) उपदाफा १ बमोजिम पेश हुन आउने निवेदन सम्बन्धमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

## परिच्छेद - २

## गाउँ प्रहरी सेवा गठन, संचालन र नियन्त्रण

४. गाउँ प्रहरी सेवा गठन : गाउँपालिकामा एक गाउँ प्रहरी सेवा रहने छ । गाउँ प्रहरी सेवाको गठन र त्यसमा रहने गाउँ प्रहरीको संख्या गाउँ सभाबाट तोके बमोजिम हुनेछ ।

५. गाउँ प्रहरीको रेखदेख तथा नियन्त्रण : गाउँ प्रहरीको परिचालन, रेखदेख, नियन्त्रण र निर्देशन दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ र निजको आदेश र निर्देशन पालना गर्नु प्रत्येक गाउँ प्रहरीको कर्तव्य हुनेछ ।

६. गाउँ प्रहरी सेवामा रहेने पदहरु :

१) गाउँ प्रहरी पदमा देयाका पद र तहहरु रहने छन :

१. गाउँ प्रहरी सहायक निरिक्षक - सहायकस्तर चौथों

२. गाउँ प्रहरी जवान - सहायकस्तर दोस्रो

२) गाउँपालिकाले गाउँ प्रहरीको प्रत्येक पदका लागि कार्य विवरण तोक्नेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गर्नेछ ।

३) उपदफा १ बमोजिमको पद र तहका गाउँ प्रहरीले कार्यपालिकाले तोके बमोजिमको पोषाक तथा दर्जानि चिह्न प्रयोग गर्नेछन ।

## परिच्छेद - ३

## गाउँ प्रहरी काम, कर्तव्य र अधिकार

७. गाउँ प्रहरीका काम, कर्तव्य र अधिकारहरु:

१) गाउँ कार्यपालिका, वडा समिति, सम्वद्ध शाखा, गाउँपालिकाका पदाधिकारी तथा अधिकार प्राप्त अधिकारीको निर्णय तथा निर्देशन कार्यान्वयन गर्नु गाउँ प्रहरीको प्रमुख कर्तव्य हुने छ । गाउँ प्रहरीको काम, कर्तव्य र अधिकारको विस्तृत विवरण देहायबमोजिम रहनेछ :

१. सार्वजनिक आवागमनमा बाधा पुयाई राखेका निर्माण सामाग्री, व्यापार व्यवसाय तथा पसल लगायतबाट भएको अवरोध हटाउन लगाउने र हटाउन नमानेमा आफै हटाईदिने । यसरी हटाउँदा लाग्ने खर्च र तोकिए बमोजिमको जरिवाना सम्बन्धित व्यक्तिबाट असूल उपर गर्ने ।

भोटेकोशी गाउँपालिका उपिदकट्टी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७२

CamScanner

२. गाउँपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहोरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने। सो बमोजिम नगर्नेलाई कानून बमोजिम कारवाही गर्ने ।

३. सार्वजनिक जग्गा, बाटो, मठ, मन्दिर, खोला नाला, ढल, चोक, पोखरी मिचि कसैले घर, कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको पाइएमा हटाउने । कसैले निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गरी कार्यालयको आदेश बमोजिम गर्ने ।

४. गाउँपालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा प्रमाण सहित प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरीत निर्माण भएको देखिए कार्यालयको आदेश बमोजिम भत्काउने वा निर्माण कार्य रोक्ने ।

५. गाउँपालिका क्षेत्रभित्र छाडा पशु तथा पन्छीहरु नियन्त्रणमा लिइ आदेश बमोजिम गर्ने,

६. स्वास्थ्यका लागि हानिकारक वस्तु तथा सडेगलेको खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरीत सडेगलेका हानिकारक वस्तु बिक्री गरेको पाइएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ प्रमुख प्रशासकीय अधिकृत/कार्यालय समक्ष पेश गर्ने ।

७. रोगी वा कानुनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ प्रमुख प्रशासकीय अधिकृत/कार्यालय समक्ष पेश गर्ने ।

८. छाडा कुकुर नियन्त्रण सम्बन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने । खतरा/जोखिमा रहेका रुख काट्न लगाउने ।

९. जोखिमपूर्ण/खतरामा रहेका घर तथा पर्खाल भए सोको लिखित प्रतिवेदन कार्यालय समक्ष पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

१०. वडा समिति, टोल सुधार समिति तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाइ, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

११. गाउँ सभा, गाउँ कार्यपालिका बैठक, विभिन्न समिति, न्यायिक समिति, उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, ऐन र कानूनको कार्यान्वयन गर्ने सहजिकरण गर्ने।

१२. गाउँपालिकामा सुशासन तथा शान्ति सुव्यवस्था कायम गर्ने, गाउँपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

१३. विना ईजाजत पसल, व्यवसाय, उद्योग वा कलकारखाना सञ्चालन गरेको फेला परेमा तिनीहरुको दर्ता र नवीकरण गर्न लगाउने । विना ईजाजत मादक पदार्थको बिक्री वितरण गर्ने पसलहरु छानविन गरी तोकिए बमोजिम कारवाही गर्ने । साथै मादक पदार्थ सेवन गरी होहल्ला गर्ने व्यक्ति र पसलहरुलाई कारवाही गर्ने ।

भोटेकोशी गाउँपालिका
फुलिपडकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७२

१४. गाउँपालिकाको क्षेत्रमा निषेधित भित्ते लेखन, व्यानर, विज्ञापन, प्रचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिबन्ध लगाउने । अटेर गर्नेलाई कारवाहीका लागि सिफरिस गर्ने ।

१५. गाउँपालिकाबाट ईजाजत नलिई वा गाउँपालिकाको स्वीकृत बेगर व्यानर, होर्डिङ्ग बोर्ड लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाइएमा पक्राउ गरी ईजाजत लिन लगाउने नमानेमा कारवाहीका लागि सिफरिस गर्ने ।

१६. गाउँपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, भेला, मेला, जात्रा आदि जस्ता कार्यक्रमहरुमा गाउँपालिकाको तर्फबाट तोकिए बमोजिम जिम्मेवारी निर्वाह गर्ने ।

१७. बजार अनुगमन गर्ने, नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूची राख्न लगाउने, चेक गर्ने तथा कार्यालयको आदेशानुसार गर्ने ।

१८. होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता व्यवसायीक गतिविधिहरुको निरीक्षण गर्ने र मापदण्ड अनुरुप नचलेको पाइएमा कारवाहीको लागि पेश गर्ने । अवैध मदिराको बिक्री तथा वितरण र त्यसको सेवन गरेको पाइएमा गाउँपालिकामा जानकारी गराइ कार्यालयको आदेशानुसार गर्ने ।

१९. गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जुवातास, पोटा, क्यारम बोर्ड, मादक पदार्थ सेवन तथा धुमपान सेवन लगायतका विकृति जन्य क्रियाकलापमा रोक लगाउने तर जादु र सर्कस देखाउन गाउँ पालिकाको अनुमति लिए नलिएको जाँच गर्ने ।

२०. व्यवसायीहरुले सडक क्षेत्र ओगटेर राखेका सामानहरु हटाउन लगाउने, हटाउन नमानेमा त्यस्ता सामानहरु जफत गरी पेश गर्ने । गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्थापन गर्ने ।

२१. अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनी उत्पादन/प्रशारण लगायत अन्य उपकरण प्रयोग गर्न नदिने । सहर वा बजारमा ध्वनी, धुवाँ, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने

२२. बजार क्षेत्रमा तीव्र गतीमा सवारी साधानहरु चल्न नदिने । गाउँपालिका क्षेत्रभित्र यातायातका साधन तथा मोटरसाइकल चालकले आफूसँग हुनु पर्ने कागजात नराखेको वा नभएको पाईएमा सवारी साधन तथा मोटरसाइकल आवतजावतमा रोक लगाउने ।

२३. गाउँपालिका क्षेत्र भित्रका नीजि सुरक्षा गार्ड आपूर्ती व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी लगत राख्ने र निजहरुको अनुगमन गर्ने ।

२४. एम्बुलेन्स तथा दमकल सेवालाई २४ सै घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त सेवा प्रदान गर्ने कार्यमा सहयोग/समन्वय गर्ने गराउने ।

२५. विपद तथा महामारी भएमा खोजी, उद्धार तथा राहत तथा पुनर्स्थापनाका लागि आदेश वमोजिम तुरुन्त खटी जाने र तोकिएको कार्य गर्ने ।

गोसाइँकुण्ड गाउँपालिका
धुन्चे, रसुवा, बागमती प्रदेश, नेपाल
२०७३

२६. गाउँपालिका भित्र संचालनमा रहेका तथा निर्माणाधिन योजना, आयोजना, कार्यक्रम वा कुनै परियोजनाको अनुगमन कार्यमा आवश्यक सहयोग गर्ने तथा तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

२७. गाउँपालिकाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

२८. गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतको कार्यालयमा शान्ति सु-व्यवस्था कायम गर्ने, कार्यालय समयमा हुने सक्ने जोखिम, दुर्घटना, मुठभेड जस्ता गतिविधिको नियन्त्रण गर्ने तथा त्यस्ता कार्य गर्नेलाई नियमानुसार कार्वाहि गर्ने । कार्यालयको रेखदेख तथा संरक्षण गर्ने ।

२९. माथि तोकिए बमोजिमका कार्यहरुमा कार्यालालय सगँ समन्वय गरी जिम्मेवारी पुरा गर्ने तथा गाउँपालिकाले तोके अह्राय बमोजिमाका अन्य कार्यहरु गर्ने/गराउने ।

२) गाउँ प्रहरी सहायक निरीक्षकले गाउँ प्रहरी जवानहरुलाई आदेश बमोजिम खटन पटनमा नेतृत्व र सहयोग गर्नु, गाउँपालिकाको आदेशहरु कार्यान्वयन गर्नुका अलावा माथि दफा ७ को उपदफा १ मा उल्लेखित काम, कर्तव्य र अधिकारहरु पालना गर्नु पर्नेछ भने गाउँ प्रहरी जवानहरुले गाउँ प्रहरी सहायक निरीक्षकको प्रत्यक्ष निगरानि तथा नेतृत्वमा रहि माथि दफा ७ को उपदफा १ मा उल्लेखित काम, कर्तव्य र अधिकारहरु पालना गर्नु पर्नेछ ।

## परिच्छेद – ४

## पदपूर्ती र योग्यता

८. पदपूर्ती गर्ने तरिका: गाउँ प्रहरी सेवा करारमा राखे प्रयोजनको लागि देहाय बमोजिमका तरिकाबाट छनौट गरिनेछ:

१) गाउँ प्रहरी को छनौट खुल्ला प्रतियोगिताद्वारा हुनेछ । यसरी खुल्ला प्रतियोगिताद्वारा छनौट गर्दा गाउ प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैतालिस प्रतिशत पद छुट्याई स प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदवारहरुका बिचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गरा पदपूर्ति गरिनेछ ।

क) महिला : ४० प्रतिशत

ख) आदिवासी जनजाती : ३० प्रतिशत

ग) दलित : २० प्रतिशत

घ) अल्पसंख्यक : १० प्रतिशत

२) गाउँ प्रहरी को पदपूर्तीका लागि देहाय बमोजिमका एक पदपूर्ती समिति रहनेछ ।

१. संयोजक : प्रमूख प्रशासकीय अधिकृत

२. सदस्य : जिल्ला प्रहरी/इलाका प्रहरी कार्यालयबाट अधिकृतस्तरको प्रतिनिधि

३. सदस्य सचिव : प्रशासन शाखा हेर्ने अधिकृतस्तरको कर्मचारी

३) पदपूर्ती गर्दा परिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

क) **छोटो सूची :** गाउँ प्रहरीमा दखास्त दिने उम्मेदवारहरुको दरखास्त फारामलाई शैक्षिक योग्यता, माथिल्लो योग्यता र कार्य अनुभवलाई आधार मानी छुट्टा छुट्टै अंक निर्धारण गरी कम्तीमा ४० अंक ल्याउने उम्मेदवारहरुको मात्र छोटो सूची प्रकाशन गरिनेछ । जस अन्तर्गत शैक्षिक योग्यताको लागि विशिष्ट श्रेणीमा पास हुनेको अंक ५०, प्रथम श्रेणीको अंक ४५, द्वितीय श्रेणीको अंक ४० र तृतीय श्रेणीको अंक ३५ अंक प्रदान गरिनेछ साथै माथिल्लो योग्यता वापत ५ अंक र कार्य अनुभव वापत १० अंक प्रदान गरिने छ । तर पूर्व नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलमा कार्य अनुभव भएको उम्मेदँवारको हकमा पहिलो प्राथमिकता दिइ सूची प्रकाशन गरिने छ ।

ख) **शारीरिक परीक्षण :** छोटो सूचीमा परेका उम्मेदवारहरुको मात्र शारीरिक परीक्षणको लागि दफा ९ को उपदफा १ को (ग), (घ) र (ङ) तथा उपदफा २ को (ग), (घ) र (ङ) लाई आधार मानिनेछ । शारीरिक परीक्षणको लागि कुनै अंक प्रदान गरिने छैन । तर तोकिएका आधारहरु सबैमा भने उत्तीर्ण भएको हुनुपर्छ । शारीरिक परीक्षण उत्तीर्ण गरे पश्चात मात्र लिखित परीक्षामा समावेश गरिनेछ ।

ग) **लिखित परीक्षाः** लिखित परीक्षाको लागि पदपूर्ती समितिले ५० पूर्णाङ्कको पाठ्यक्रम निर्धारण गरेर वस्तुगत प्रश्नपत्र तयार गरी लिखित परीक्षा सञ्चालन गर्नु पर्नेछ ।

घ) **अन्तर्वार्ताः** अन्तरवार्ताको लागि पूर्णाङ्क २५ रहनेछ । नियमानुसार अधिकतम ७० प्रतिशत र न्यूनतम ४० प्रतिशत अंक प्रदान गरिनेछ । सो भन्दा कम/बढी अंक दिनु पर्ने भए कारण खुलाइ अंक दिनु पर्ने छ ।

४) समितिले एक जना संयोजक र सम्बन्धित विषयको विज्ञ समेत रहने गरी कम्तीमा ३ सदस्य रहेको अन्तर्वार्ता समिति गठन गर्नुपर्नेछ ।

५) पदपूर्ती समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१. परीक्षाको लागि विज्ञापन गर्ने तथा पाठ्यक्रम तयार गर्ने,
२. दरखास्त फाराम उपर छानविन गर्ने
३. सूची प्रकाशन गर्ने ।
४. लिखित परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने
५. अन्तर्वार्ता संचालन गर्ने
६. योग्यताक्रमको सूची तयार गर्ने
७. नियुक्तिका लागि सिफारिस गर्ने

भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

९. योग्यताः

१) गाउँ प्रहरी सहायक निरीक्षक पदको लागि निम्नलिखित योग्यता भएका नेपाली नागरिकले दरखास्त दिन सक्नेछन्:

१. शैक्षिक योग्यता : मान्यता प्राप्त शैक्षिक संस्थाबाट SLC,SEE वा कम्तीमा कक्षा आठ उत्तीर्ण गरी सम्बन्धी संस्थाबाट प्राईभेट सेकेण्डक्लास उत्तीर्ण वा सो सरह तालिम प्राप्त भएको भु.पु. नेपाल प्रहरी/सशस्त्र प्रहरी बल/नेपाली सेना हुनुपर्ने,

२. उमेर : ५० वर्ष ननाघेको,

३. उचाइ, तौल र छाती : पुरुष उम्मेदवारको हकमा उचाइ कम्तीमा ५ फिट ५ इन्च, तौल कम्तीमा ५० के.जी. साथै महिला उम्मेदवारको हकमा उचाइ कम्तीमा ५ फिट र तौल कम्तीमा ४२ के.जी. र छाती कम्तीमा ३१-३३ इन्च हुनु पर्ने ।

४. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

५. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

६. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

७. कुनै राजनीतिक दलको सदस्य नरहेको,

८. भविष्यमा सरकारी सेवाको निमित अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त नभएको,

९. प्रचलित कानुन बमोजिम अयोग्य नभएको,

१०. मानव अधिकार र मानवीय कानुनको उल्लघनमा सजाय नपाएको

११. नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरेको ।

२) गाउँ प्रहरी जवान पदको लागि निम्नलिखित योग्यता भएका नेपाली नागरिकले दरखास्त दिन सक्नेछन्:

१. शैक्षिक योग्यता : मान्यता प्राप्त शैक्षिक संस्थाबाट SLC,SEE वा सो सरह उत्तीर्ण भएको भु.पु. नेपाल प्रहरी/सशस्त्र प्रहरी बल/नेपाली सेना हुनुपर्ने,

२. उमेर : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (भु.पु. नेपाल प्रहरी/सशस्त्र प्रहरी बल/नेपाली सेनाको हकमा ५० वर्ष ननाघेको)

३. उचाइ, तौल र छाती : पुरुष उम्मेदवारको हकमा उचाइ कम्तीमा ५ फिट ५ इन्च, तौल कम्तीमा ५० के.जी. साथै महिला उम्मेदवारको हकमा उचाइ कम्तीमा ५ फिट र तौल कम्तीमा ४२ के.जी. र छाती कम्तीमा ३१-३३ इन्च हुनु पर्ने ।

४. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

५. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

६. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

७. कुनै राजनीतिक दलको सदस्य नरहेको,

८. भविष्यमा सरकारी सेवाको निमित अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त नभएको,

९. प्रचलित कानुन बमोजिम अयोग्य नभएको,

१०. मानव अधिकार र मानवीय कानुनको उल्लघनमा सजाय नपाएको

११. नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरेको ।

भोटेकोशी गाउँपालिका
जुलिपडकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७२

CamScanner

## परिच्छेद — ५

### विज्ञापन, दरखास्त, नतिजा, सिफारिस तथा नियुक्ति सम्बन्धी व्यवस्था

१०. **विज्ञापन सम्बन्धी व्यवस्थाः** छनौट समितिले गाउँ प्रहरी पदपुर्तीको लागि विज्ञापन गर्नुपर्दा कार्यालयले तोके बमोजिमको ढाँचामा विज्ञापन तयार गरी गाउँपालिकाको राष्ट्रिय दैनिक पत्रिका, सूचना पाटी, वेवसाइट वा अन्य कुनै सार्वजनिक स्थलमा १५ (पन्ध्र) दिनको म्याद सहितको सूचना प्रकाशन गर्नु पर्नेछ ।

११. **दरखास्त फाराम र प्रवेश पत्रसम्बन्धी व्यवस्थाः** प्रकाशित विज्ञापन बमोजिम उम्मेदवारहरुले कार्यालयले तोके बमोजिमको दरखास्त फाँराम भरी कार्यालयमा बुझाउनु पर्दछ । दरखास्त फाराम भर्ने उम्मेदवार समावेशी समूह तर्फको भए कुन समूहको हो सो जनाई फाराम भर्नु पर्नेछ । खुल्ला र समावेशी तर्फ दुवैमा दरखास्त फाराम भर्न चाहने उम्मेदवारले भने छुट्टा छुट्टै फाराम भर्नुपर्नेछ । पदपूर्ती समितिले विज्ञापनमा निर्धारण गरेको दस्तुर सहित विज्ञापनमा उल्लेख भएको म्याद भित्र उम्मेदवारले दरखास्त फाराम बुझाउनु पर्नेछ ।

१२. **नतिजा प्रकाशन र सूचिकृत गर्नुपर्नेः** समितिले योग्यतक्रम निर्धारण गरी सोही बमोजिम सूचिकृत समेत गरी गाउँ प्रहरी कर्मचारी छनौट भएको नतिजा गाउँ पालिकाको सूचना पाटी, वेवसाइट वा अन्य कुनै सार्वजनिक संचार माध्यमबाट प्रकाशन गर्नुपर्नेछ । यसरी नतिजा प्रकाशन र सूचिकृत गर्दा वैकल्पिक उम्मेदवार सहित विज्ञापनमा माग गरिएको पद संख्याको एक तिहाइ थप संख्यामा गर्नु पर्नेछ ।

१३. **सिफारिस तथा नियुक्तिः** दफा १२ बमोजिमको कार्य सम्पन्न भए पश्चात् पदपूर्ती समितिले नियुक्तिको लागि कार्यपालिका समक्ष सिफारिस गर्नुपर्नेछ । सिफारिस भई आएका गाउँ प्रहरीलाई गाउँ कार्यपालिकाले सेवा करारमा नियुक्त गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिइनेछ ।

## परिच्छेद – ६

### करार सम्बन्धी व्यवस्था

१४. करार गर्नेः

१) छनौट समितिबाट छनौट भई सिफारिस भएका मुख्य उम्मेदवारलाई ७ (सात) दिनको म्याद दिई करार गर्न सूचना दिनुपर्नेछ ।

२) उपदफा (१) बमोजिमको अवधी भित्र करार सम्झौता गर्न आउने नियुक्तिका लागि सिफारिस उम्मेदवारसँग कार्यालयले अनुसूची १ वा तोकिए बमोजिमको ढाँचामा सेवा करार सम्झौता गर्नुपर्नेछ । उक्त अवधि भित्र नियुक्तिका लागि निवेदन नदिएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार सम्झौता गर्न सकिनेछ ।

३) उपदफा (२) बमोजिम करार गरे पश्चात तोकिए बमोजिको ढाचाँमा करार सेवा नियुक्ति पत्र कार्यालयले गाउँ प्रहरी कर्मचारीलाई दिनुपर्नेछ ।

भोटेकोशी गाउँपालिका
जिम्पिदकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

४) यस कार्यविधि बमोजिम करार गर्दा ६ महिना देखि बढीमा १ वर्षसम्माका लागि मात्र करार गर्नु पर्नेछ । तर उक्त पदले गर्नुपर्ने काम समाप्त भएमा वा पर्याप्त नभएमा वा कार्य प्रारम्भ नै नभएको अवस्थामा कार्यालयले कामको बोझ र अवधी हेरी करारको अवधी घटाउन सक्नेछ ।

५) उपदफा (३) बमोजिम सेवा करारमा लिएको व्यक्तिलाई पुनः निरन्तरता दिनुपर्ने भएको खण्डमा निजको कार्यसम्पादन मूल्यांकन गरी कार्यसम्पादन सन्तोषजनक पाइएको खण्डमा कार्यपलिकाको निर्णयानुसार सेवा करार म्याद थप गर्न सकिनेछ ।

६) गाउँ प्रहरी कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करार सेवामा काम गर्ने अवसर दिईने छैन ।

**१५. कार्य शर्त, पारिश्रमिक र अवधिः**

१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका गाउँ प्रहरी कर्मचारीको मासिक पारिश्रमिक सम्बन्धित तह वा पदको शुरु तलब स्केलमा नबढ्ने गरी सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१) कार्यालयले स्थलगत वा वस्तुगत प्रतिवेदनका आधारमा कार्य सम्पादन अनुसार करार सम्झौतामा उल्लेख गरी भ्रमण भत्ता वा फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ साथै कार्यपालिकाले तोके बमोजिमको थप सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

२) कार्यालयले करारका गाउँ प्रहरी कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा निजले महिनाभरी गरेको कामको विवरण (Time Sheet) सहितको प्रतिवेदन तयार गर्न लगाई सम्बन्धित शाखाको सिफारिसको आधारमा मात्र भुक्तानी गर्नु पर्नेछ ।

३) यस कार्यविधि बमोजिम गाउँ प्रहरी कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि कुनै पनि दावी गर्न पाउने छैन ।

४) उपदफा (१) बमोजिम करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ । तर त्यस्तो करारको अवधी एक पटकमा ६ महिना वा १ वर्ष भन्दा बढी हुने छैन ।

**१६. करार समाप्तीः** करार सम्झौता गरिएको गाउँ प्रहरी कर्मचारीको कार्य सन्तोषजनक नभएको भनी कार्यरत कार्यालयले सिफारिस गरेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानविन गरी वा गर्न लगाइ सफाईको मौका समेत दिई कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सकिनेछ ।

भोटेकोशी गाउँपालिका
...कट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

# परिच्छेद – ७

## विविध

१७. **गाउँ प्रहरीको सेवा र सुविधा** : गाउँ प्रहरीको तलव भत्ता नियमानुसार हुने तथा चाड पर्व खर्च, पोशाक खर्च लगायत अन्य सेवा र सुविधाका विषयमा कार्यालयले तोके बमोजिम हुनेछ ।

१८. **विदा** : गाउँ प्रहरीको विदा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । अन्य विदाको विषयमा कार्यालयले तोके बमोजिम हुनेछ ।

१९. **तालिम** : गाउँ प्रहरीलाई कुशल एवम दक्ष बनाउन गाउँपालिकाले तोकिए बमोजिम तालिम संचालन गरिनेछ ।

२०. **उमेर हद सम्बन्धी व्यवस्था** : नेपाल सरकार/स्थानीय सरकाले तोके बमोजिम हुने ।

२१. **पोशाक** : गाउँ प्रहरीको पोषाकको रंग, किसिम र अन्य विवरण कार्यालयले तोके बमोजिम हुनेछ । डिउटी समयमा तोकिएको पोशाक अनिवार्य रुपमा लगाउनु गाउँ प्रहरीको कर्तव्य हुनेछ ।

२२. **डिउटी अवधि** : गाउँ प्रहरीको डिउटी अवधि २४ घण्टा नै हुने रहनेछ । प्रत्येक गाउँ प्रहरीलाइ कार्यालयले तालिका बनाइ डिउटी खटाउने छ ।

२३. **व्याख्या, खारेजी वा बचाउ गर्ने अधिकार** : यस कार्यविधि कार्यान्वयन गर्ने क्रममा थप व्याख्या, खारेजी वा बचाउ गर्नुपरेमा त्यस्तो अधिकार गाउँ कार्यपालिकालाई रहनेछ ।

२४. **अमान्य हुने** : यस कार्यविधिमा लेखिएका कुराहरु संघीय वा प्रादेशिक वा स्थानीय कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछन् ।

भोटेकोशी गाउँपालिका
फुलपिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

अनुसूची - १

(दफा १४ सँग सम्बन्धित करार सम्झौताको ढाँचा)

करार सम्झौता

भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकको कार्यालय (यसपछि पहिलो पक्ष भनिएको) र ........................जिल्ला.......................... नगरपालिका/गाउँपालिका, वडा .... (यसपछि दोश्रो पक्ष भनिएको का बीच भोटेकोशी गाउँपालिकाको को निर्णय अनुसार गाउँपालिकाको गाउँ प्रहरी को कामकाज गर्न गराउन मिति देहायका कार्य र शर्तको अधिनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक / एक प्रति आपसमा बुझि लियौं दियौं ।

शर्तहरू

१. **कामकाज सम्बन्धमाः** दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य जिम्मेवारी अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२. **काम गर्नुपर्ने स्थानः** भोटेकोशी गाउँपालिका भौगोलिक क्षेत्रभित्र ।

३. **करारमा काम गरे बापत पाँउने पारिश्रमिक तथा सेवा सुविधाः** प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु.... (अक्षरेपी रु. ..................) पारिश्रमिक उपलब्ध गराउनेछ । सेवा सुविधाको हकमा भने गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

४. **आचरणको पालनाः** दोश्रो पक्षले गंगाजमुना गाउँपालिकाको प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. **विदाः** सेवा करारमा नियुक्त गाउँ प्रहरीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन । कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा विदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । अन्य विदाको हकमा भने कार्यपालिकाले तोके बमोजिम हुनुपर्नेछ ।

६. **कार्यालय सम्पत्तिको सुरक्षाः** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. **गोप्यताः** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ । साथै कानून बमोजिम कारवाही गरिनेछ ।

८. **करार अवधिः** करार अवधि मिति .................... देखीं मिति .................... सम्म हुनेछ ।

९. **कार्यसम्पादन मूल्यांकनः** पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा १४ (५) बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

भोटेकोशी गाउँपालिका
ठुलिपडकटी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

अनुसूची - २

(दफा २१ सँग सम्बन्धित करार सम्झौताको ढाँचा)

# भोटेकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

फुल्पिङकट्टि, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

गाउँ प्रहरीको लागि तपसिल बमोजिमका पोषाक/सामाग्रीहरुको विवरण :

| क्र.स. | विवरण | रङ | संख्या | खपत अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | सर्ट र पाइन्ट | कार्यालयले तोके बमोजिम | २ | १ वर्ष | |
| २ | ब्यारेट क्याप | " " | १ | १ वर्ष | |
| ३ | सिठ्ठी र सिठ्ठी कर्ड | " " | १ | १ वर्ष | |
| ४ | वेभ बेल्ट | " " | १ | २ वर्ष | |
| ५ | बुट | " " | १ | १ वर्ष | |
| ६ | कुम ब्याज | " " | १ | ५ वर्ष | |
| ७ | टोपी ब्याज | " " | १ | ५ वर्ष | |
| ८ | बर्सादी | " " | १ | १ वर्ष | |
| ९ | मोजा | " " | २ | १ वर्ष | |
| १० | स्वीटर | " " | १ | २ वर्ष | |
| ११ | ज्याकेट | " " | १ | २ वर्ष | |
| १२ | छडी | " " | १ | ५ वर्ष | |

भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

(समाप्त)